# बुढीगंगा नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
# कुल्देवमाण्डौ, बाजुरा

## बुढीगंगा नगरपालिकाको आर्थिक ऐन - २०८२

मिति २०८२/०३/१०

राम बहादुर बानिया
नगर प्रमुख

# बुढीगंगा नगरपालिकाको आर्थिक विधेयक-२०८३

बुढीगंगा नगरपालिकाको अर्थ सम्बन्धि प्रस्तावनालाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८३

प्रस्तावना: बुढीगंगा नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा सेवा शुल्क संकलन गर्ने, कर बढाउने, कर छुट दिने तथा स्थानीय राजस्व प्रशासन सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनिय भएकाले, नगरसभाले यो ऐन बनाएको छ । नेपालको संविधानको धारा २८८ को उपधारा २ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ परिच्छेद ९ बमोजिम बुढीगंगा नगरपालिकाको चौंथो नगरसभाबाट यो ऐन लाई परिमार्जन सहित वा आवश्यक सुझाव सहित वा हुबहु पास हुनेछ ।

१. संक्षिप्त नाम र प्रारम्भ: १) यस ऐनको नाम आर्थिक ऐन २०८२ रहेको छ ।

२) यो ऐन २०८२ श्रावण १ गते देखी बुढीगंगा नगरपालिकाको क्षेत्र भित्र लागु हुने छ ।

२. सम्पति कर: नगरपालिका क्षेत्र भित्र अनुसुचि १ बमोजिम सम्पत्तिकर / घरजग्गामा कर लगाइने र असुल उपर गरिने छ ।

३. भूमि कर: मालपोत कर नगरपालिका क्षेत्र भित्र अनुसुचि २ बमोजिम भूमि कर मालपोत लगाईने र असुल उपर गरिने छ ।

४. घर बहाल कर: नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै आंशिक तवरले बहालमा दिएकोमा अनुसुचि ३ बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल उपर गरिने छ ।

५. व्यवसाय कर: नगरपालिका क्षेत्र भित्र व्यापार व्यवसाय वा सेवामा पुजिगत लगानि र आर्थिक कारोबारका आधारमा अनुसुचि ४ तथा व्यवसाय दर्ता तथा नविकरण निर्देशिका २०७९ बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिने छ ।

६. मदिरा व्यवसाय कर: बुढीगंगा नगरपालिकाको मदिरा व्यवस्थापन गर्न बनेको कार्यविधि २०७९ अनुरुप मदिरा व्यवसायिक कर अनुसुचि ५ बमोजिम लागु हुनेछ ।

७. ईजाजत कर: यस नगरपालिकामा दर्ता भएका व्यवसायी एवं उपभोक्ता हातहतियार सम्बन्धि ईजाजत प्राप्त गरेका व्यवसायिलाई अनुसुचि ६ बमोजिम कर लागु हुनेछ ।

८. औषधि व्यवसाय कर: यस नगरपालिकाका क्षेत्र भित्र नेपाल सरकार औषधि विभागबाट स्विकृत ल्याई मेडीकल तथा फार्मेशि संचालन गरिरहेका व्यवसायीहरुलाइ अनुसुचि ७ बमोजिम लागु हुनेछ ।

९. शिक्षा युवा तथा खेलकुद: यस नगरपालिका क्षेत्र भित्र संचालन भएका सरकारी तथा निजि विद्यालय तथा शिक्षासंग सम्बन्धित विषयमा लाग्ने कर अनुसुचि ८ बमोजिम असुल गरिनेछ ।

१०. बित्तिय संस्था: यस नगरपालिकामा संचालनमा रहेका बित्तिय संस्थाहरुको दर्ता नविकरण गर्दा अनुसुचि ९ बमोजिमको कर उठाइनेछ ।

११. सेवा शुल्क: यस नगरपालिकामा कामकाज गर्ने परामर्शदाता संस्थाको लागि अनुसुचि १० मा उल्लेख भए अनुसुचि बमोजिम सेवा शुल्क लाग्ने छ ।

राम बहादुर खाँकेनी
नगर प्रमुख

CamScanner

१२. पशु सेवा र कृषि शाखाः यस नगरपालिकाको कृषि तथा पशु सेवा शाखाबाट हुने सिफारिस तथा व्यवसायीक फर्मको दर्ता, नविकरण लगायतका सेवाहरुमा अनुसुचि ११ बमोजिमको कर लागु गरिनेछ ।

१३. जडिबुटी कवाडी र जीवजन्तु करः नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, कवाडी, र प्रचलित कानुनले निषेध गरिएको जीव जन्तु बाहेका अन्य मृत वा मारिएका जीव जन्तुको हाड, सिंह, प्वाख र छाला जस्ता बस्तुको व्यवसाय कारोवारो गरे वापत अनुसुचि १२ बमोजिमको कर लगाइने र असुल उपर गरिने छ ।

१४. सवारी साधन करः नगरपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसुचि १३ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिने छ । तर प्रदेश कानुन स्विकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।नगरस्तरीय सडकमा रुट प्रमिट जारी गरी भाडादर कायम तथा नियमानुसार शुल्क लागु गरिनेछ ।

१५. बहाल बिरौटो करः नगरपालिका क्षेत्र भित्र आफुले निर्माण रेखदेख वा संचालन गरेका अनुसुचि १४ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोहि अनुसुचिमा भएको व्यवस्था अनुसार बहाल बिरौट शुल्क लगाइने र असुल उपर गरिने छ ।

१६. थप व्यवसाय शुल्क दस्तुरः नगरपालिकाले निर्माण संचालन वा व्यव्थापन गरेका अनुसुचि १५ मा उल्लेखित स्थानीय पूर्वाधार र उपलव्ध गराएको सेवामा सेवाग्राहीबाट सोहि अनुसुचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१७. जडिबुटी कवाडि, ढुङगा, बालुवा तथा गिट्टी करः नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले प्रचलित कानुन बमोजिम सार्वजनिक जग्गा, जमिन, नदि, नाला, खोल्सा, बगरबाट ढुङगा, बालुवा, गिट्टी तथा कवाडीको कारोबार गरेवाफत अनुसुचि १६ बमोजिमको कर लगाइने र असुल उपर गरिने छ । सो सम्वन्धमा आवस्यक कार्यविधि वनाउन सकिनेछ ।

१८. सेवा शुल्क दस्तुरः यस नगरपालिका र वडा कार्यालयबाट दिइदै आएको सेवामा अनुसुचि १७ बमोजिम कर लागु गरि असुल उपर गरिने छ ।

१९. जेसिभि र ट्रिप्पर दस्तुरः यस नगरपालिकाको स्वामित्वमा रहेका जेसिभि र ट्रिप्पर नगरपालिका क्षेत्रभित्र तथा बाहिर कसैले भाडामा लिई सञ्चालन गर्न चाहेमा नगरपालिकामा नियमानुसार सम्झौता गरी कार्यविधि वमोजिम डोजरको प्रति दिन रु.२,०००। तथा टिप्परको प्रतिदिन रु.१०,०००। कर असुल उपर गरिनेछ ।

२०. विलम्व शुल्कः तोकिएको समय भित्र कर, दस्तुर तथा शुल्क नवुझाएमा दोस्रो वर्ष थप १० प्रतिशत, तेस्रो वर्ष २० प्रतिशत र त्यो भन्दा पछी ३० प्रतिशतका दरले थप विलम्व शुल्क असुल उपर गरिनेछ ।

२१. योजना सिफारिस शुल्कः नगरपालिका भित्र संचालित योजना सम्पन्न भई वडा कार्यालय तथा नगरपालिका बाट भुक्तानी सिफारिस गर्दा अनुसुचि १८ बमोजिम शुल्क लाग्नेछ ।

२२. अन्य शुल्कः कुनै सेवा प्रदायक वा सामान उत्पादक संस्था, कम्पनी, विक्रेता तथा व्यवसायीले यस नगरपालिकामा सुचि दर्ता गरि कारोबार गर्न चाहेमा, पालिकाको स्वामित्वमा रहेको In-Door हल प्रयोग बाफत सेवा शुल्क अनुसुचि १९ बमोजिम लाग्नेछ ।

२३. प्रतिलिपी तथा संशोधन शुल्कः यस कार्यालयबाट जारी भएका प्रमाणपत्र विविध कारणले नष्ट हुनगएमा वा हराएमा हुवहु तथा संशोधन सहित प्रतिलिपी प्रमाणपत्र लिन चाहेमा शुरु दर्ता सरह शुल्क लाग्नेछ ।

२०८२।०३।१५

राम बहादुर बानियाँ
नगर प्रमुख

२४. कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धि कार्यबिधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसुचि -१

### सम्पति कर

| सि.नं | करको विवरण | प्रस्तावित आय | कैफियत |
|---|---|---|---|
| १ | सम्पति कर | | |
| २ | | | |
| जम्मा | | | |

## अनुसुचि -२

### भुमिकर / मालपोत कर

| सि.नं. | भुमि मालपोत कर | प्रति रोपनी दर | आय अनुमान | कैफियत |
|---|---|---|---|---|
| १. | ०-५ रोपनी सम्म | १५ | २०००० | |
| २. | ५-१० सम्म | ३ | ५०००० | |
| ३. | १०-२० सम्म | ४ | १००००० | |
| ४. | २०-३० सम्म | ५ | १००००० | |
| ५. | ३०-४० सम्म | ६ | ५०००० | |
| ६. | ४०-५० सम्म | ७ | ५०००० | |
| ७. | ५०-६० सम्म | ८ | ४०००० | |
| ८. | ६०-७० सम्म | १० | ३०००० | |
| ९. | ७० भन्दा माथि | २० | १५००० | |
| जम्मा | | | ४,५५,०००। | |

## अनुसुचि ३

### घर कर

| क्र.स. | विवरण | दर | आय अनुमानित | कैफियत |
|---|---|---|---|---|
| १ | दुई वा सो भन्दा वढी तला भएको पक्कि घर | ५०० | २०००० | |
| २ | एकतले पक्की घर | २०० | २०००० | |
| ३ | अर्ध पक्कि घर | १०० | ३०००० | |
| ४ | जस्ता टायल झिगटि काठको छाना भएको घर | ५० | २५००० | |
| ५ | खर पराल को छाना भएको घर | ३० | ८००० | |
| ६ | घरवहाल कर १० प्रतिशतले असुल उपर | १० प्रतिशत | १००००० | |
| जम्मा | | | २,०३,०००। | |

२०८२/०५/१५
राम बहादुर बानिया
नगर प्रमुख

अनुसूचि ४

व्यवसाय कर

| क्र.सं. | व्यवसायको किसिम | दर्ता | नविकरण | अनुमानित आय |
|---|---|---|---|---|
| १ | चिया पसल | १००० | ५०० | २०००० |
| २ | होटल तथा लज | ३००० | २००० | ५०००० |
| ३ | होटल तथा रेष्टुरेन्ट | ३००० | २००० | ५०००० |
| ४ | मिष्ठान पसल | १००० | ५०० | ५००० |
| ५ | सिरक तथा डस्ना उद्योग | २००० | १००० | १०००० |
| ६ | पाउरोटी दालमोट चाउमिन उद्योग | २००० | १००० | १०००० |
| ७ | अफसेट प्रेस | ३००० | १५०० | ६००० |
| ८ | फोटोकपी तथा फोटो स्टुडीयो | १००० | ५०० | ४००० |
| ९ | इन्टरनेट प्रदाय संस्था | १००० | ५०० | ५००० |
| १० | मिल उद्योग | ५००० | २५०० | २०००० |
| ११ | फर्निचर तथा काठउद्योग | ५००० | २५०० | ३०००० |
| १२ | कुटानी पिसानि मिल | २००० | १००० | १०००० |
| १३ | श्रृंगार पसल | १००० | ५०० | १०००० |
| १४ | ईलेक्ट्रोनिक पसल | १००० | ५०० | १५००० |
| १५ | पेट्रोल पम्प | १०००० | ५००० | २०००० |
| १६ | कम्प्युटर सेन्टर | १००० | ५०० | १०००० |
| १७ | क्रसर उद्योग | १००००० | ४०००० | १००००० |
| १८ | कबाडी संकलन सिफारिस (प्रति व्यक्ति २०००। | | | २०००० |
| | जम्मा - | | | ३,३५,०००। |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | उद्योग दर्ता पुजिँ आधारमा | | | | |
| क | १ लाख देखि १० लाख सम्मको | २००० | १००० | २०००० | महिलाको हकमा ५० प्रतिशत लाग्नेछ । |
| ख | ११ लाख देखि ५० लाख सम्मको | ५००० | १५०० | ३०००० | |
| ग | रु ५० लाख माथिको | २०००० | ५००० | २०००० | |
| | जम्मा | | | ७०,०००। | |
| ५. | घुम्ति / रिटेलिङ व्यवसाय | | | | |
| क | केरियर /पिकअप मार्फत मदिरा व्यवसाय | ५००० | २००० | २०००० | अन्य जिल्ला बाट |
| ख | ट्रक मार्फत मदिरा व्यवसाय | १०००० | ३००० | २०००० | सचिकृत |
| छ | श्रृगार व्यवसाय | १००० | ३०० | ५००० | |

राम बहादुर बानिया
नगर प्रमुख

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ज | मेसिनको प्रयोग गरि सिरक डसना बनाउने | १००० | | ५००० |
| झ | बिना मेसिन प्रयोग सिरक डसना बनाउने | ५०० | ३०० | ५००० |
| ञ | पोकामा बोकि व्यवसाय गर्ने | ३०० | १०० | १००० |
| ट | रक्सी मदिरा/ सुर्तिजन्य पसल | ५००० | १००० | १०००० |
| ठ | गहना पसल | ५००० | २००० | २०००० |
| ड | मोबाईल मर्मत तथा बिक्रि | १००० | ५०० | १०००० |
| ढ | घडि चस्मा बिक्रि पसल | १००० | ५०० | ५००० |
| ण | पुस्तक पसल | ५००० | २००० | २०००० |
| त | कम्प्युटर फ्रिज पसल | २००० | १००० | १००० |
| थ | तयारी लुगा रेडिमेट | २००० | १००० | १०००० |
| द | सिलाई कटाई पसल | १५०० | १००० | ५००० |
| ध | कपडा सिलाउने (कोट, पाईन्ट) | २५०० | २५०० | १०००० |
| न | हार्डवेयर पसल | ५००० | २५०० | १०००० |
| प | सवारी साधन वर्कसप पसल चारचक्के | ५००० | ३००० | १५००० |
| फ | पेट्रोल/ डिजेल र मट्टीतेल व्यवसायि | ५००० | ३००० | १५००० |
| ब | खाद्य पदार्थ तथा किराना पसल | १५०० | १००० | १५००० |
| भ | मोटरसाईकल वर्कसप | ३००० | २००० | १०००० |
| म | दहि दुध तेल बिक्रि पसल | १००० | ३०० | ५००० |
| य | गिफ्ट सप तथा खेलौना पसल | १००० | २०० | ५००० |
| र | जुत्ता पसल | १००० | ३०० | ६००० |
| ल | ग्यास सिलाण्डर पसल | ३००० | २००० | १०००० |
| | जम्मा - | | | २,३८,०००। |

## अनुसुचि ५

## मदिरा

| क्र सं | विवरण | दर्ता | नविकरण | अनुमानित आय |
|---|---|---|---|---|
| १ | मदिरा थोक बिक्रेता | ११००० | ५५०० | ६०००० |
| २ | मदिरा खुद्रा बिक्रेता | ५५०० | ३५०० | १००००० |
| ३ | शिक्षक कर्मचारीले कार्यालय समय र सार्वजनिक स्थलमा सेवन गरेमा पहिलो पटक १ महिनाको तलब दोस्रो पटक थप १० प्रतिशत जरिवाना | | | २०००० |
| ४ | जनप्रतिनिधिले कार्यालय समय र सार्वजनिक स्थलमा सेवन गरेमा पहिलो पटक १ महिनाको सेवा सुविधा त्यसपछी फेरी भेटीएमा थप १० प्रतिशत | | | १०००० |

| | | |
|---|---|---|
| ५ | सर्वसाधारणले कार्यालय समय र सार्वजनिक स्थलमा सेवन गरि होहल्ला गरेमा पहिलो पटक रु २०००। त्यसपछी रु २००० थप | १०००० |
| ६ | नगरपालिका भन्दा बाहिरका कर्मचारीले मदिरा सेवन गरि हो हल्ला गरेमा पहिलो पटक रु ५०००।त्यसपछि थप रु २००० | १०००० |
| | जम्मा | २,१०,०००। |

अनुसुचि ६

घ वर्गको ईजाजत

| क सं | विवरण | दर्ता/नामसारी | नविकरण/ठाउसारी | अनुमानित आय |
|---|---|---|---|---|
| १ | घ वर्गको ईजाजत | २५०००/८००० | १२०००/८००० | २००००० |
| | घ वर्ग ईजाजत प्रतिलिपि | ८००० | | |
| २ | हातहतियार नविकरण | | २००० | ३००० |
| ३ | खानेपानी मुहान दर्ता | ५००० | १५०० | १५००० |
| | जम्मा | | | २,१८,०००। |

अनुसुचि ७

औषधि व्यवसायी

| क सं | विवरण | दर्ता | नविकरण | अनुमानित आय |
|---|---|---|---|---|
| १ | डा.सहितको पसल | १०००० | ५००० | ४०००० |
| | औषधि खुद्रा पसल | ५००० | ३००० | ६००००। |
| | जम्मा | | | १,००,०००। |

अनुसुचि ८

शिक्षा युवा तथा खेलकुद

| क सं | विवरण | दर्ता/अनुमती | सिफारिस | नविकरण | अनुमानित आय |
|---|---|---|---|---|---|
| १ | आधारभुत बिद्यालय खोल्ने | | ५००० | | १०००० |
| २ | मा.बि. संचालनका लागि | | १०००० | | १०००० |
| ३ | उच्च शिक्षा र प्राविधिक धार | | १५००० | | १५००० |
| ४ | आधारभुत तहमा कक्षा थप | ५००० | | | १०००० |
| ५ | मा.बि.तहमा कक्षा थप | | १०००० | | २०००० |
| ६ | मार्कशिट सच्चाएको | | ३०० | | १०००० |
| ७ | बिद्यालय ठाँउसारी | | ५००० | | १०००० |
| ८ | कक्षा थप निजी आ.बि. | ५००० | | | १०००० |
| ९ | कक्षा थप निजि मा.बि. | ७००० | | | २१००० |
| १० | टयुसन /कोचिङ सेन्टर | ५००० | | ३००० | १५००० |
| ११. | नयाँ शिक्षक अभिलेखिकरण | १००० | | | |

राम बहादुर बानियाँ
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| १२. | शिक्षक सरुवा सहमती | १००० | | | |
| | जम्मा | | | | १,३०,०००। |

## अनुसुचि ९

### बितिय सेवा

| क सं | विवरण | दर्ता | नविकरण | अनुमानित आय |
|---|---|---|---|---|
| १ | विकास बैंक शाखा | १०००० | ५००० | |
| २ | फाईनान्स शाखा | ७००० | ४००० | १४००० |
| ३ | लघु बित्त कम्पनि | ५००० | ३००० | १०००० |
| ४ | आई एम ई | ४००० | २००० | १२००० |
| ५ | बहुउद्देश्य सहकारी संस्था | ५००० | ३००० | १४००० |
| ६ | सहकारी दर्ता | ३००० | २००० | १५००० |
| | जम्मा | | | ६५,०००। |

## अनुसुचि १०

### सेवा शुल्क

| क सं | विवरण | दर्ता | नविकरण | अनुमानित आय |
|---|---|---|---|---|
| १ | ईन्जिनियरीङ्ग सेवा | १०००० | ५००० | १०००० |
| २ | कानुनी सेवा | ५००० | १००० | १०००० |
| ३ | लेखा परिक्षक सेवा | ५००० | - | २०००० |
| | - जम्मा | | | ४०,०००। |

## अनुसुचि ११

### पशुसेवा र कृषि विकास शाखा

| क सं | विवरण | दर्ता | नविकरण | अनुमानित आय |
|---|---|---|---|---|
| १ | कृषक समुह दर्ता प्रमाण पत्र | ६०० | ३०० | १०००० |
| २ | योजना सम्पन्न सिफारिस | तोकिए बमोजिम | | १५००० |
| ३ | व्यवसायीक कृषि तथा पशुपंक्षि व्यवसाय फर्म | २००० | १००० | २०००० |
| ४ | एग्रोभेट पसल | २००० | १५०० | १०००० |
| ५ | चौपाया चेक जाँच पूर्जि | ५/१०/२० (बाख्रा/गाई/भैंसी) | | १०००० |
| ६ | पशु चौपाया निकासि प्रति गोटा गोरु/भैंसी - १००/५०० | - | - | १०००० |
| | जम्मा - | | | ७,५०००। |

CamScanner

## अनुसुचि १२
### जडीबुटी निकासी

| सि.नं | विवरण | दर्ता | सिफारिस | नविकरण | अनुमानित आय |
|---|---|---|---|---|---|
| १ | जडीबुटी निकासी | - | प्रति के.जी.१५ | - | २०००० |
| | जम्मा | | | | २०,०००। |

## अनुसुचि १३
### अटो सवारी साधन

| सि.नं | विवरण | दर्ता | नविकरण | अनुमानित आय |
|---|---|---|---|---|
| १ | अटो दर्ता | २००० | १००० | १०००० |
| | जम्मा - | | | १०,०००। |

## अनुसुचि १४
### बहाल बिरौट कर

| सि.नं | विवरण | दर्ता | सिफारिस | नविकरण | अनुमानित आय |
|---|---|---|---|---|---|
| १ | - सरकारी जग्गामा बनेका घर टहरा प्रति महिना रु २०० (आवासीय)<br>- रु. ५००। खुद्रा पसल<br>- रु. १०००। होलसेल पसल | | | | १०००००। |
| | जम्मा | | | | १,००,०००। |

साँफे मार्तडी सडक खण्ड आसपास १०० मिटर क्षेत्र भित्र

| क स | किसिम | दर प्रति वर्ग मि |
|---|---|---|
| १ | अव्वल | २ |
| २ | दोयाम | १ |
| ३ | सिम | ०.५ |
| ४ | चाहार | ०.२५ |
| ५ | वर्ग नखुलेको हकमा | - |

नगरपालिका भित्रका मुख्य सडक आसपास करिव १०० मिटर क्षेत्र भित्र

| क स | किसिम | दर प्रति |
|---|---|---|
| १ | अव्वल | १ |
| २ | दोयाम | १.५ |

| | | |
|---|---|---|
| ३ | सिम | ०.७५ |
| ४ | चाहार | ०.५० |
| ५ | वर्ग नखुलेको हकमा | ०.२५ |

जरिवाना: वार्षिक १० प्रतिशत विगत वर्षको बाकी समेत १० प्रतिशतले जोडिदै जानेछ ।

## सम्पत्ति बहाल कर

बाजुरा जिल्ला बुढीगंगा नगरपालिका क्षेत्र भित्र कुनै वा संस्थाले भवन घर पसल ग्यारेज गोदाम टहरा सवारी साधन मेसिनरी औंजार जग्गा पुरै वा आंशिक तवरले साथै कुनै सम्पत्ति प्राप्ति हुने गरि बहाल दिईएकोमा बहाल अंकको १० प्रतिशतका दरले बहाल कर संकलन गरिनेछ । संगठित संस्था कम्पनि कार्यालय वा यस्तै प्रकृतिका अन्यले बहालमा बसे बापत रकम बुझाउदा श्रोतमै बहाल कर कट्टी गरि दाखिला गर्नु पर्नेछ ।

## बहाल कर निर्धारण प्रक्रिया

१. बाहालमा दिएको मितिलाई आधार मानी मासिक त्रैमासिक अर्धवार्षिक वा वार्षिक अवधिलाई लिई बहाल कर बुझाउनु पर्नेछ ।

२. क्षेतगत बजार ग्रामिण क्षेत्रका आधारमा नगरपालिकाले न्युनतम बहाल कर तोक्न सक्नेछ ।

३. नगरपालिकालले निर्धारण गरेको कार्यविधि अनुसार करदाताले स्वयं घोषणा गरेका वा सम्झौता गत पत्रमा उल्लेख भएको आधारमा बहाल कर निर्धारण गरिनेछ ।

४. सम्बन्धित वडा कार्यलयमा कर बुझाउनु पर्ने छ ।

## व्यवसाय कर

क. बाजुरा जिल्ला बुढीगंगा नगरपालिका क्षेत्र भित्र संचालित व्यापार व्यवसाय उद्योग आदिमा देहाय अनुसार दर्ता तथा नविकरण र वार्षिक कर लगाई राजश्व संकलन गरिनेछ ।

## अनुसुचि १५

**थप व्यवसाय**

| | | | | |
|---|---|---|---|---|
| क | दन्त चिकित्सक | ५००० | २००० | १०००० |
| ख | परामर्शदाता | ३००० | १५०० | ५००० |
| ग | संस्थागत पेन्टर | २००० | १००० | ५००० |
| घ | कन्सल्टेन्सि | ५००० | ३००० | १०००० |
| ङ | बिमा एजेन्ट | १००० | ५०० | ५००० |
| च | पशु चिकित्सक | ३००० | १५०० | १०००० |
| छ | माथि बाहेकका नखुलेका | २००० | १५०० | ८००० |
| | जम्मा - | | | ५०,०००। |
| २६ | उत्पादन मुलक साना उद्योग | | | |
| क | पाउरोटि केक उद्योग | १००० | ५०० | ५००० |
| ख | डेरी उद्योग | २५०० | १५०० | ५००० |

| | | | | |
|---|---|---|---|---|
| ग | बाँसको नाङ्लो कुचो डोको पसल | | | निशुल्क |
| | नर्सरी | | | |
| घ | | | | निशुल्क |
| ङ | तरकारी तथा फलफुल पसल | २००० | १००० | १०००० |
| ङ. | फलफुल तथा अन्य बिरुवा बिक्रि पसल | | | निशुल्क |
| च. | कृषिजन्य उत्पादन निर्यात | प्रति क्वीन्टल रु. ५० लाग्नेछ । | | |
| छ. | फ्रेस हाउस | १५०० | १००० | ५००० |
| झ. | कोल्ड स्टोर | १५०० | १००० | ६००० |
| | जम्मा - | | | ३८,०००। |
| | तालिम सम्बन्धी | | | |
| क. | सैलुने | १००० | ५०० | ५००० |
| ख. | टिकट काउन्टर सवारी साधन | ३००० | १५०० | १०००० |
| ग. | हलभाडा प्रतिदिन नगरपालिका | १००० | | २०००० |
| | हलभाडा सिप विकास तथा वडा कार्यालय | ५०० | | |
| | जम्मा - | | | ३५,०००। |

## जडिबुटि, कवाडीमाल, जिवजन्तु कर

उन खोटो जडिबुटी कवाडि माल र प्रचलित कानुनले निषेध गरिएको जिवजन्तु बाहेकका अन्य मृत वा मारिएका जिवजन्तुको हाड सिंङ प्वाख छाला जस्ता वस्तुको व्यवसायिक कारोवारो गरेवापत जडिबुटि कवाडीमाल र जिवजन्तु बिक्रि तथा निकासि कर तोकिएको छ । उल्लेखित मालसामानका हकमा निकासि कर निम्न बमोजिम हुने साथै संकलन गर्ने कार्यविधि बुढीगंगा नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## अनुसुचि १६

### कवाडी, गिट्टी, वालुवा, ढुङ्गा र हेभि इक्युवमेन्ट सञ्चालन कर

| सि नं | विवरण | दर्ता | नविकरण | अनुमती/निकासी | अनुमानित आय |
|---|---|---|---|---|---|
| १ | कागजजन्य सामान | २५०० | १५०० | २००० | १००००० |
| २ | फलामजन्य सामान | | | | |
| ३ | स्टिलजन्य सामान | | | | |
| ४ | सिसाजन्य सामान | | | | |
| ५ | पलाष्टिजन्य | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | ढुङ्गा | ५००० | ३००० | प्रति ट्याली ५०० | १००००० |
| ७ | गिट्टि | ५००० | ३००० | प्रति ट्याली ५०० | ३०००० |
| ८ | बालुवा | ५००० | ३००० | प्रति ट्याली ५०० | २००००० |
| | | दिन/घण्टा | दर | | |
| १. | टिप्पर | १ | प्रतिदिन १०००० | | ६००००० |
| २. | डोजर | १ | प्रति घण्टा २००० | | २००००० |
| | जम्मा | | | | १९,३०,०००। |

- सवारी साधन कर प्रदेश कानून बमोजिम हुनेछ ।
- विज्ञापन कर प्रदेश कानून बमोजिम हुनेछ ।
- मनोरञ्जन कर प्रदेश कानून बमोजिम हुनेछ ।
- बहाल विटौरी शुल्क सम्वन्धी व्यवस्था नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## अनुसुचि १७

### सेवा शुल्क दस्तुर

| क्र स | विवरण | प्रस्तावित | अनुमानित आय | कैफियत |
|---|---|---|---|---|
| १ | निवेदन दस्तुर | १०० | ५००० | |
| २ | व्यक्तिगत घटना दर्ता शुल्क | संघिय कानून बमोजिम | २००००० | |
| ३ | अस्थायि बसोबास सिफारिस | १०० | २००० | |
| ४ | स्थायी बसोबास सिफारिस | १०० | १०००० | |
| ५ | एकासंगोल परिवार प्रमाणित सिफारिस | १०० | ५००० | |
| ६ | संरक्षक सिफारिस व्यक्तिगत | १०० | २००० | |
| ७ | संरक्षक सिफारिस संस्थागत | १०० | २००० | |
| ८ | जिवित रहेको सिफारिस | १०० | २००० | |
| ९ | जन्म मिति संसोधन सिफारिस | १०० | २००० | |
| १० | व्यक्तिगत विवरण प्रमाणित सिफारिस | १५० | १००० | |
| ११ | जन्म मिति प्रमाणित | १५० | ५००० | |
| १२ | विवाह प्रमाणित | १५० | १००० | |
| १३ | अविवाहित प्रमाणित | १५० | १००० | |
| १४ | सम्बन्ध विच्छेद भएको प्रमाणित | १५० | १००० | |
| १५ | मृत्यु प्रमाणित | १५० | ५००० | |
| १६ | सम्बन्ध भए/ नभएको प्रमाणित | १५० | १००० | |
| १७ | घर पाताल प्रमाणित | २०० | १००० | |
| १८ | फरक फरक नाम थर प्रमाणित /सिफारिस | १०० | ५००० | |

| | | | | |
|---|---|---|---|---|
| १९ | फरक फरक जन्म मिति सिफारिस/ प्रमाणित | १०० | २००० | |
| २० | चालचलन राम्रो/ तिनपुस्ते सिफारिस नेपाली | १०० | १००० | |
| २१ | चालचलन राम्रो /तिनपुस्ते सिफारिस अग्रेजी | २०० | १००० | |
| २२ | कागज मञ्जुरीनामा प्रमाणित | १०० | १००० | |
| २३ | बैदेशिक रोजगार प्रमाणित खाडि मुलुक | २०० | १००० | |
| २४ | बैदेशिक मुलुक प्रमाणित अमेरीका क्यानडा | ३०० | १००० | |
| २५ | बैदेशिक भु पु सैनिक प्रहरीको नाम थर एउटै भएको प्रमाणित | २०० | १००० | |
| २६ | नाता प्रमाणित सिफारिस नेपाली | २०० | १०००० | |
| २७ | नाता प्रमाणित सिफारिस अग्रेजीमा | ३०० | ५००० | |
| २८ | सर्जिमन गरि नाता प्रमाणित नेपालीमा | निशुल्क | | |
| २९ | विपन्न विद्यार्थि छात्रवृत्ति प्रमाणित तथा सिफारिस | निशुल्क | | |
| ३० | छात्रवृत्ती प्रमाणित सिफारिसि | १०० | १००० | |
| | छात्रवृत्ति प्रमाणित सिफारिस वैदेशिक | २०० | १००० | |
| ३१ | अपाङ्गता प्रमाणित सिफारिस | निशुल्क | | |
| ३२ | जेष्ठ नागरिक एकल महिला सिफारिस | निशुल्क | | |
| ३३ | नाबालक सिफारिस | १०० | १००० | |
| ३४ | नेपालको लागि | | १००० | |
| ३५ | अन्य देशका लागि | | १००० | |
| ३६ | स्वास्थ्य उपचार सिफारिस | | | |
| ३७ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने | | १००० | |
| ३८ | योजना सम्झौता सिफारिस | १०० | २०००० | |
| ३९ | बैंक तथा अन्य विविध सिफारिस | १०० | १०००० | |
| | जम्मा | | रु. ३,१०,०००। | |
| | जग्गा/आय सम्बन्धी सिफारिस | | | |
| १ | मोहि नामसारी सिफारिस | १०० | १००० | |
| २ | मोहि लगत कट्टा सिफारिस | १०० | १००० | |

राज बहादुर बानियाँ

| | | | | |
|---|---|---|---|---|
| ३ | घर कायम सिफारिस व्यापारिक प्रयोजनका लागि | २०० | २००० | |
| ४ | घर कायम सिफारिस अन्य | १०० | १००० | |
| ५ | कित्ता काट सिफारिस प्रतिकित्ता | १०० | २००० | |
| ६ | जग्गा नामसारी | १०० | ५००० | |
| ७ | अशंभण्डा सिफारिस | १०० | २००० | |
| ८ | जग्गाको हक सम्बन्धी सिफारिस | १०० | १००० | |
| ९ | सरकारको नाममा बाटो कायम सिफारिस | २०० | १००० | |
| १० | घर बाटो प्रमाणित | २०० | १००० | |
| ११ | चार किल्ला प्रमाणित प्रति कित्ता | १५० | १५००० | |
| १२ | हकदार भएको सिफारिस | १०० | १००० | |
| १३ | हकदार नभएको सिफारिस | १०० | ५०० | |
| १४ | जग्गा रेखाङ्कन सम्बन्धी रोहवरमा बस्ने | १०० | ५०० | |
| १५ | जग्गा धनी पुर्जा हराएको सिफारिस | २०० | १००० | |
| १६ | पुर्जामा घर कायम गर्ने सिफारिस | २०० | १००० | |
| १७ | अन्तरजिल्ला घर सार्ने सिफारिस | ५०० | ५०० | |
| १८ | अन्तर स्थानिय तह घर सार्ने | २०० | ५०० | |
| १९ | अन्तरवडा घर सार्ने | निशुल्क | | |
| २० | छुट जग्गा पाखामा | १०० | १००० | |
| २१ | छुट जग्गा खेत | १०० | १००० | |
| २२ | छुट जग्गा घरेडि | १५० | १००० | |
| ३७ | घर जग्गा पास तथा घर अभिलेख कायम | २०० | २००० | |
| ३८ | घर नक्सा प्रतिलिपि १ सेट | ५०० | १००० | |
| ३९ | घर नक्सा अन्य कागजात प्रतिपाना नक्कल दस्तुर | १०० | १००० | |
| ४० | सम्पन्न प्रमाणपत्र र प्रतिलिपिं | २०० | १००० | |
| ४१ | घर नक्सा निवेदन दस्तुर | १०० | १००० | |
| ४२ | योजना म्याद थप दस्तुर प्रतिशत | २ प्रतिशत | ३०००० | |
| ४३ | भवन नक्सा नामसारी दस्तुर | ५०० | १००० | |
| ४४ | भवन निर्माण अनुमति दस्तुर | २००० | १०००० | |
| ४५ | नक्सा पास दस्तुर | ५००० | १०००० | |
| ४६ | घरको स्थलगत सर्जिमन दस्तुर | २०० | १००० | |

२०८१।०३।१५
राम बहादुर बानियाँ
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ४७ | घरको स्थलगत दस्तुर कच्चि प्राविधिक लेआउट | १०० | १००० | |
| ४८ | घरको स्थलगत दस्तुर पक्कि प्राविधिक लेआउट | २०० | २००० | |
| ४९ | घर नामसारी सिफारिस | ५०० | २००० | |
| ५० | घरको अवस्था सम्बन्धि सिफारिस | १०० | १००० | |
| ५१ | आर्थिक अवस्था सम्बन्धि सिफारिस | १०० | १००० | |
| ५२ | निम्न अवस्था ५ लाख सम्म सम्पति | निशुल्क | | |
| ५३ | मध्यम वर्ग ५ लाख देखि १० लाख सम्म | १०० | ५००० | |
| ५४ | उच्च ५० लाख सम्म | ५०० | १०००० | |
| ५५ | बार्षिक चल आय प्रमाणित | | | |
| | १ देखि ५ लाख सम्म | १०० | २००० | |
| | ५ देखि १० लाख सम्म | १५० | १५०० | |
| | १० देखि २० लाख सम्म | २०० | २००० | |
| | २० देखि ५० लाख सम्म | २५० | २५०० | |
| | ५० देखि १ करोड सम्म | ३०० | ३००० | |
| | १ करोड भन्दा माथि | ५०० | ५००० | |
| ५६ | वहाल कर लेखाजोखा | १०० | १००० | |
| | जम्मा - | | रु. १,३७,०००। | |
| | बिविध सिफारिस | | | |
| १. | नागरिकता सिफारिस | | | |
| | वंशज | १०० | १२००० | |
| | प्रतिलिपि | १५० | १०००० | |
| | अगिंकृत | २०० | १००० | |
| | नागरिकता विवरण संसोधन सिफारिस | १०० | २००० | |
| | अंगिकृत नागरिकता विवरण संसोधन सिफारिस | २०० | १००० | |
| | नयाँ नागरिकता सर्जिमन सिफारिस | १०० | १००० | |
| | टेलिफोन जडान सिफारिस | १०० | १००० | |
| २. | उद्योग व्यवसाय सम्बन्धी सिफारिस | | | |
| | व्यवसाय दर्ता सर्जिमिन सिफारिस | ५०० | ५००० | |
| | उद्योग ठाउ सारी सिफारिस | ५०० | ५००० | |

नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | उद्योग व्यवसाय सिफारिस | | | |
| | १ ठूला उद्योग | १५०० | १०००० | |
| | २ मझौला उद्योग | १००० | ५००० | |
| | ३ साना तथा घरेलु उद्योग | ५०० | १०००० | |
| | व्यापार व्यवसाय बन्दको सिफारिस | २०० | १००० | |
| | व्यापार व्यवसाय नभएको सिफारिस | २०० | ५००० | |
| | प्यान तथा भ्याट दर्ता सिफारिस | ५०० | ३००० | |
| | प्यान तथा भ्याट बन्द सिफारिस | २०० | १००० | |
| | व्यवसाय ठाँउ सारी सिफारिस | ५०० | १००० | |
| ३ | संघ संस्था सम्बन्धी सिफारिस | | | |
| | ७. गैरनाफामूलक नयाँ संस्था सिफारिस | निशुल्क | | |
| | ८. गैरनाफामूलक नविकरण सिफारिस | निशुल्क | | |
| | ९. INGO सम्बन्धी सिफारिस | २००० | १०००० | |
| | १० संघ संस्था शाखा खोल्ने सिफारिस | २५०० | ५००० | |
| ४ | उजुरी तथा मुद्दा सम्बन्धी | | | |
| | उजुरी तथा मुद्दा दर्ता | ३०० | ५००० | |
| | उजुरी तथा मुद्दा दर्ता जेष्ठ नागरिक बालबालिका एकल महिला विपन्न दलित अपाङ्गता भएका व्यक्ती अति विपन्न वडाबाट सिफारिस भई आएका | निशुल्क | | |
| | मिलापत्र कागजात बनाउने | निशुल्क | | |
| | कुनै व्यक्ति उपर निवेदन दस्तुर | १०० | १००० | |
| | न्यायिक समितिबाट आदेश/फैसला भएको कागजातको प्रमाणित प्रतिलिपि | निशुल्क | | |
| ५. | आरन व्यवसायि: निशुल्क | | | |
| ६. | वडा कार्यालय भन्दा बाहिर प्रतिदिन | ५०० | १०००० | |
| ७. | फोहोरमैला व्यवस्थापन प्रतिघर मासिक बजार क्षेत्रमा | ५० | १०००० | |
| ८. | सार्वजनिक शौचालय प्रतिव्यक्ती प्रतिपटक | ५/१० | १००० | |

२०८२/०२/१५

| | | | | |
|---|---|---|---|---|
| ९. | जल उपभोक्ता समिति दर्ता | ५००० | २५००० | |
| १०. | जल उपभोक्ता समिति दर्ता नविकरण | १००० | १०००० | |
| | जम्मा | | १,४०,०००। | |
| | | | | |

## अनुसुचि १८

## योजना सम्पन्न सिफारिस

| क.स | विवरण | कुल लागत | प्रस्तावित दस्तुर | आय अनुमानित | कैफियत |
|---|---|---|---|---|---|
| १. | वडा तथा नगरस्तरीय योजना | १ लाख सम्म | ५०० | ५००००। | |
| | | १ देखि ३ लाख सम्म | १००० | १०००००। | |
| | | ३ देखि ५ लाख सम्म | २००० | ८००००। | |
| | | ५ लाख देखि १० लाख | ४००० | ७००००। | |
| | | १० लाख देखि २० लाख | ६००० | ३००००। | |
| | | २० लाख देखि ५० लाख | ८००० | २००००। | |
| | | ५० लाख भन्दा माथि | १०००० | ५००००। | |
| | जम्मा - | | | ४,००,०००। | |
| २. | प्रदेश तथा संघीय सरकारका योजना | १ लाख सम्म | ५५० | ५००००। | |
| | | १ देखि ३ लाख सम्म | १५०० | ५००००। | |
| | | ३ देखि ५ लाख सम्म | २५०० | ५००००। | |
| | | ५ लाख देखि १० लाख | ५००० | १०००००। | |
| | | १० लाख देखि २० लाख | ७५०० | १५००००। | |
| | | २० लाख देखि ५० लाख | १०००० | ७५०००। | |
| | | ५० लाख देखि १ करोड | १२५०० | ५००००। | |
| | | १ करोड भन्दा माथि | २०००० | ५००००। | |
| | जम्मा - | | | ५,७५,०००। | |

## अनुसुचि १९

## अन्य सेवा शुल्क

| क.स. | विवरण | प्रस्तावित दस्तुर | अनुमानित आय | कैफियत |
|---|---|---|---|---|
| १. | सुचि दर्ता: होटल तथा खुद्रा पसल | १००० | २०००० | |
| २. | सुचि दर्ता: निर्माण सम्बन्धी कोटेसन | ३००० | ५०००० | |
| ३. | सुचि दर्ता: सम्पुर्ण ई-बिड | ५००० | ८०००० | |

| | | | | |
|---|---|---|---|---|
| ४. | इन-डोर शुल्क | ५० प्रति दिन प्रति व्यक्ति | २०००० | |
| | जम्मा - | | रु.१,७०,०००। | |
| | कुल जम्मा - | | रु.६०,५०,०००। | |

संघ तथा प्रदेशमा योजना माग सिफारिस सम्वन्धी:

१. कुनै व्यक्तिले संघ तथा प्रदेशलाई योजना मागका लागि कार्यालयबाट सिफारिस गर्दा प्रति सिफारिस रु. २०० लाग्नेछ ।

२. धरौटी भुक्तानी सम्वन्धी सिफारिस गर्दा रु. ५०० लाग्नेछ ।

जरिवाना:

१. आर्थिक ऐनको दफा ३ बमोजिमक जरिवाना अनिवार्य तिर्नुपर्ने दायित्व भएको व्यक्ती वा संस्थाले तोकिए बमोजिम जरिवाना तिर्नुपर्नेछ ।

२. आर्थिक ऐनको दफा ११ बमोजिम बाहेकका हकमा निषेधित क्षेत्रमा पार्किङ गरेमा:

१२ चक्के वा सो भन्दा ठूला सवारी र भारी उपकरणलाई रु ५०

१० चक्के सवारी भारी लाई रु ५०

६ चक्के सवारी हलुका लाई रु २० टयाक्टर बाहेक

२/४ चक्के सवारीलाई रु १५

३. नगरपालिकाले तोकेको निषेधित क्षेत्रमा फोहोरमैला व्यवस्थापन ऐन २०६८ र नियामावली २०७० बमोजिम हुनेछ।

४. लिनुपर्ने कर शुल्क दस्तुर आदि नदिएमा: आर्थिक ऐन र प्रचलित ऐन कानुन अनुसार लिनु पर्ने रकम नलिएमा वा तिर्नुपर्ने रकम नतिरेमा सम्बन्धित व्यक्ती वा संस्थाबाट तोकिएको रकमको थप १० प्रतिशतले हुन आउने रकम बराबर असुल उपर गरि विभागिय सजाय समेत गरिनेछ। साथै नगरपालिकामा दर्ता भएका व्यवसाय तोकिएको समयभित्र नविकरण नगरेमा प्रत्येक आर्थिक वर्ष १० प्रतिशत थप गरि असुल उपर गरिनेछ ।

यस ऐनले छुट दिने भनि तोकिएको भन्दा अन्य केहि रकम वा शिर्षकमा छुट दिनुपर्ने भएमा राजश्व परामर्श समितिको निर्णयमा वा गाउँ कार्यपालिकाबाट आवश्यकता र औचित्य पुष्टि भएको खण्डमा उपयक्त निर्णय गर्न सक्नेछ।

पेश गर्ने:
माया खड्का कुँवर
संयोजक, राजश्व परामर्श समिति
माया खड्का कुँवर
नगर उप प्रमुख

प्रमाणित गर्ने:
राम बहादुर बानियाँ
नगरसभा अध्यक्ष
राम बहादुर बानियाँ
नगर प्रमुख

CamScanner